का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ जेठ २०७९,
मंगलबार
14 June 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुं

वर्ष २०, अंक १२९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भ्रमणले निम्त्याएको सन्देह



अमेरिकी अधिकारीको नेपाल भ्रमण, नेपाली अधिकारीहरुको अमेरिका भ्रमण र प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमणको तयारीको विषयलाई लिएर नेपाली राजनीति तरंगित भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

अमेरिकी सेनाका प्यासिफिक कमान्ड कमान्डिङ वरिष्ठ जर्नेल चार्ल्स ए फ्लिन चार दिने नेपाल भ्रमण सकाएर स्वदेश फर्किएसंगै नेपाली राजनीति तरंगित भएको छ । जर्नेल फ्लिनको भ्रमणमा भएका भेटघाट, उनका अभिव्यक्ति र आगामी दिने हुने दुई देशका अधिकारीहरुको भ्रमण र प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमणको तयारी र त्यस क्रममा हुने भनिएका सम्झौताको विषयले नेपाली राजनीतिलाई तरंगित गराएको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार, केही दिनपछि इन्डो प्यासिफिकका प्रमुख जोन लिनोले नेपाल भ्रमणमा आउँदैछन् । त्यसपछि नेपाली सेनाका सेनापतिले अमेरिका भ्रमण गर्ने र लगत्तै प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी भ्रमण गर्ने तयारी छ । परराष्ट्र स्रोतका अनुसार असार १२ गते पछि नेपाली सेनाका सेनापति अमेरिका प्रस्थान गर्ने र असार २८ गते प्रधानमन्त्री शेरबहादुर देउवा अमेरिका जाने तयारी छ । प्रधानमन्त्री देउवा अमेरिका पुग्दा अमेरिकी र नेपाली सेना बीच स्टेट पाटनरसिप प्रोग्रामको सम्झौता हुन लागेको भन्ने विषयमा नेपाली नेताहरु शसंकित देखिएका छन् ।

यो विषयमा प्रमुख विपक्षी नेकपा एमालेले निरन्तर प्रश्न उठाइरहेको छ । स्टेट पाटनरसिप प्रोग्रामको नाममा सैनिक र रणनैतिक कार्यक्रमहरुमा नेपाललाई जोड्ने प्रयास भएको र त्यसमा वर्तमान सरकार नरम भएको हो भने यो राष्ट्रप्रतिको धोका हुने पूर्वपरराष्ट्रमन्त्री समेत रहेका एमाले उपमाहासचिव प्रदीप ज्ञवाली बताउँछन्। तिब्बत मामिला हेर्ने अमेरिकी मन्त्रीलाई किन नेपाल बोलाएको भन्दै उनले प्रश्न गर्छन । भन्छन्, 'उहाँ अरु पनि विषय हेर्नुहुन्छ होला तर छिमेकलाई र उसको चासोलाई बेवास्ता गरेर हामीले गर्दैछौं त्यसले हामीलाई अप्ठेरोमा पार्छ । समग्रमा भन्दा वर्तमान सरकारको विदेश नीति ठीक भइरहेको छैन ।'

पाँच दलीय सत्ता गठबन्धनका एक घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल पनि प्रधानमन्त्रीको अमेरिका भ्रमणबारे संसद र सिंगो देश जानकार हुनुपर्ने बताउँछन्। भन्छन्, 'के-के तयारी भैरहेको छ, सबै जानकारी हुनुपर्छ।' प्रधानमन्त्री देउवाको अमेरिका भ्रमणको तयारीबारे उनको थप टिप्पणी छ, 'हामीबाट असंलग्न परराष्ट्र नीतिमा आँच पुग्ने ढंगले कतै काम त हुन पुगेन ? यसबारेमा सजग र सतर्क हुन सक्यौं कि सकेनौं ? यसको पनि हामीले समीक्षा गर्नुपर्ने आवश्यक छ ।' कुनै पनि देशको भ्रमणमा जाँदा र अर्न्तराष्ट्रिउ सहयो, अनुदान र ऋण लिँदा समेत ख्याल गर्नुपर्ने उनको सुझाव छ। भन्छन्, ' 'वैदेशिक सहायता र ऋण वा अनुदान लिने सर्तबारे रिभ्यु गर्न पाए हुन्थ्यो । यसबारे हामीले क्लियर धारणा बनाउनुपर्छ ।'

प्रधानमन्त्रीको अमेरिका भ्रमणलाई लिएर सत्तागठबन्धनमा खटपट रहेको बुझेको एमाले यही बेला पाँच दलीय गठबन्धन भत्काउन सकिन्छ कि भन्नेमा छन् । सोही अनुसार केपी शर्मा ओलीले दोस्रो तहका नेताहरुलाई माओवादी केन्द्र लगायतका वाम शक्तिहरुसँग सहकार्यका लागि खटाएका छन् । एमाले अध्यक्ष ओलीले आफैं माओवादी केन्द्रका प्रभावशाली नेता नारायणकाजी श्रेष्ठसँग गोप्य वार्ता गरेका छन् । वार्तामा नेता श्रेष्ठ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सहमति लिएर गएको बताइन्छ । नेता श्रेष्ठले एमाले बाहेकका नेताहरुसँग पनि प्रधानमन्त्रीको अमेरिका भ्रमणको तयारी र त्यसबेला हुन सक्ने संभवित सम्झौताको विषयमा छलफल गरिरहेका छन् । समेबार मात्रै नेता श्रेष्ठले नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालबीच पनि छलफल गरे ।

सैन्य सम्झौता गर्ने अमेरिकी प्रस्तावमा प्रधानमन्त्री शेरबहादुर देउवा सकारात्मक रहेको सार्वजनिक भएपछि नेपाललाई भेट्न श्रेष्ठ कोटेश्वर निवास पुगेका हुन् । अमेरिकी सैन्य सम्झौता गर्ने प्रस्ताव नेपाली सेनाले अस्वीकार गरिसकेको बताइएको छ ।

उता एमालेका उपमहासचिव प्रदीप ज्ञवाली र माओवादी केन्द्रका नेता बर्षमान पुनबीच पनि छलफल भएको छ । छलफलमा बाम तालमल लगायतका विषयमा समेत छलफल भएको बताइन्छ ।

एमाले र माओवादी नेताहरुबीच पछिल्लो समयमा बढेको भेटघाटलाई लिए चलेको बाम तालमेलको चर्चालाई बल पुग्ने गरी माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ पनि सार्वजनिक रुपमा प्रस्तुत भैरहेका छन् ।

– बाँकी पृष्ठ २ मा

## संसदले सरकारलाई भन्यो

# किसानलाई मल देऊ

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

प्रतिनिधिसभाले सरकारलाई किसानका लागि मल उपलब्ध गराउनका लागि सम्भव सबै उपाय अविलम्ब अपनाउन निर्देशन दिएको छ । सोमबार बसेको प्रतिनिधिसभा बैठकले रासाइनिक मल सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्दै किसानलाई मल उपलब्ध गराउने सबै उपाय अपनाउन सरकारलाई निर्देशन दिएको हो ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रमुख विपक्षी एमालेका प्रमुख सचेतक विशाल भट्टराई लगायतका सांसदले स्थगन प्रस्ताव दर्ता गराएका थिए । सो प्रस्तावमाथिको माथिको छलफल र कृषि तथा पशुपंक्षी विकासमन्त्री महिन्द्रराय यादवले दिएको जवाफपछि प्रतिनिधिसभाले विशेष प्रस्तावका रूपमा निर्देशन पारित भएको हो ।



'...अत्यावश्यक रासायनिक मल कृषकलाई सहजरुपमा उपलब्ध गराउनका लागि संभाव्य सबै उपाय अवलम्बन गरी कार्य सम्पादन गर्न प्रतिनिधि सभाको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ' सभामुख अग्निप्रसाद सापकोटाले सरकारलाई निर्देशन दिँदै भने ।

निर्देशन अघि सभामा भएको छलफलमा प्रतिपक्ष र सत्तापक्षका सांसदहरु समेत गरी ४८ जनाले भाग लिए । विपक्षी दलहरुले प्रस्तावको पक्षमा बोले पनि सत्तापक्षका सांसदहरु रसाइनिक मल अभाव भएको विषयमा सरकारको ध्यानाकर्षण गर्ने उदेश्यमा सहमति जनाएका थिए ।

सांसद सञ्जयकुमार गौतमले बीउ, मल, पेट्रोलियम उत्पादनको मूल्य वृद्धि तथा किसानले भोग्नुपरेको समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

सांसद गोमा देवकोटाले किसानले मल नपाएको, विद्यार्थीले पुस्तक नपाएकाले उनीहरुलाई मल बीउ तथा पुस्तक उपलब्ध गराउनुपर्नेमा जोड दिइन् ।

अर्का सांसद पार्वतीकुमारी विशुङ्खेले किसानलक्षित प्रस्ताव, संविधानमा नागरिकको खाद्य सुरक्षाको अधिकारको व्यवस्था गरिए पनि कृषकमैत्री कार्यक्रम सरकारले ल्याउन नसकेको बताइन् । सांसद लक्ष्मीकुमारी चौधरी कृषि प्रधान देशमा किसानले मल, बीउ, बिजन प्राप्त गर्न नसक्नु उनीहरुको अपमान गर्नु सरह रहेको बताइन् ।

अर्का सांसद प्रेम सुवाले मल आपूर्ति हुन नसकेको विषयमा पाँच दलीय गठबन्धनका शीर्ष नेतालाई जवाफ दिन लगाउनुपर्ने बताए । मल आयातमा अर्बौं कमिसन प्राप्त हुने हुँदा मल कारखाना स्थापनाका लागि चार दशकदेखि कुरा उठे पनि अगाडि बढ्न नसकेको उनको टिप्पणी छ ।

सांसद महेश बस्नेतले मल ल्याउन नसकेका मन्त्रीहरुलाई कारबाहीको माग गरे । उनले भने, 'मल ल्याउन नसकेका मन्त्रीहरुलाई कारबाही हुनुपर्छ ।' सांसद मिनबहादुर विश्वकर्माले समयमै मल नआउनुमा वर्तमान सरकार मात्रै नभएर पूर्ववर्ती सरकार पनि दोषी रहेको बताए । एमालेले संसदमा दर्ता गरेको रासायनिक मल अभावसम्बन्धी अत्यन्त जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा सहभागी हुँदै उनले यस्तो दाबी गरेका हुन् । सांसद शक्तिबहादुर बस्नेतले रासायनिक मलको समस्या समाधानका लागि प्रधानमन्त्रीले भारतसँग उच्च राजनीतिक स्तरमा वार्ता गर्नुपर्ने आवश्यकता औंल्याए । सांसदहरुलाई जवाफ दिँदै कृषि तथा पशुपंक्षी विकासमन्त्री महिन्द्र राय यादवले असारको अन्तिमसम्म आवश्यक मल आइपुग्ने विश्वास दिलाए । जो सरकार आएपनि नेपालमा लामो समयदेखि मल अभावको समस्या झेल्दै आइरहेकाले वर्तमान सरकारले दिर्घकालिन समाधान गर्नेतर्फ ध्यान दिएको उनको दाबी छ ।

जिटुजी मार्फत प्रत्येक बर्ष ५ लाख मेर्टिकटन मल ल्याउने गरी नेपालले पहल गरेको पनि उनले जानकारी दिए । मन्त्री यादव थप्छन्, 'अब स्थायी समाधान निकाल्नुपर्छ। जिटुजी पनि अस्थायी समाधान मात्रै हो ।' मल अभाव समस्याको दिर्घकालिन समाधानकालागि नेपाल आयल निगम जस्तै निकाय स्थपना गरेर जानुपर्ने सरकारको सोच रहेको उनले बताए ।

– बाँकी पृष्ठ २ मा

# पूर्वमन्त्री विष्टको गलत नीतिले रेमिट्यान्स प्रभावित : मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले तत्कालीन मन्त्री गोकर्ण विष्टले मलेसियाको रोजगारीका सम्बन्धमा लिएको नीतिले नेपाल आउने रेमिट्यान्स प्रभावित भएको टिप्पणी गरेका छन् ।

आर्थिक वर्ष २०७९/०८० का लागि पेश भएको बजेट अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयतगत शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरुको सोमबार जवाफ दिँदै मन्त्री श्रेष्ठले उक्त टिप्पणी गरेका हुन् । तत्कालीन मन्त्री विष्टको कार्यकालमा मलेसियाको श्रम स्वीकृति बिना कारण १५ महिना रोकिँदा मलेसियामा रोजगारदाताले नेपाली कामदारको विकल्पमा अन्य श्रोत मुलुकबाट आपूर्ति गरेका थिए ।

मन्त्री श्रेष्ठले आफुले जिम्मेवारी सम्हालेपछि मलेसियासहित नेपालका श्रम गन्तव्य मुलुकमा वैदेशिक रोजगारी सकारात्मकरूपमा अघि बढेको बताए । मन्त्री श्रेष्ठले बेलायतमा मासिक करिब ४ लाख रूपैयाँ तलब पाउने गरी करिब ४ हजार जनशक्ति पठाउने गरी अर्को हप्ता सम्झौता गर्न लागेको जानकारी दिए । मन्त्री श्रेष्ठले जापान, दक्षिण कोरिया, न्युजिल्याण्डलगायतका देशमा श्रमिक पठाउनका लागि समेत पहल भइरहेको बताए ।

जापानमा पनि नेपाली युवायुवतीलाई रोजगारीमा पठाउनका लागि छिट्टै प्रक्रिया अघि बढाइने बताउँदै मन्त्री श्रेष्ठले साउदी अरब, सेसेल्स, इजरायलमा निर्माण क्षेत्रमा कामदार पठाउन नयाँ श्रम सम्झौता र यूएई, मलेसिया र कतारसँग गरिएका श्रम सम्झौता नवीकरण गर्ने बताए ।

नेपाली कामदारको करारका शर्तहरू लागू गराउन तथा अन्य सुविधाको विषयमा आफूले १७ देशका राजदूतसँग छलफल गरेको भन्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगार रहर नभई बाध्यताको उपज भएकोले यस क्षेत्रमा सुधारको आवश्यकतामा जोड दिए । कामदारको सुरक्षा मन्त्रालयको उच्च प्राथमिकतामा रहेको भन्दै मन्त्री श्रेष्ठले ठगीमा परेका कामदारको १२ करोड रूपैयाँमा असुली गरी फिर्ता गरिएको, मानव तस्करहरूलाई नेपाल प्रहरीमार्फत इन्टरपोल

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### वैदेशिक रोजगार नीतिको पुनरावलोकनको तयारी

**काठमाडौं/रासस–** औपचारिकरुपमा नेपाली श्रमिक विदेशीन थालेको डेढ दशकपछि मात्र सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन वैदेशिक रोजगार नीति, २०६८ जारी गर्‍यो । अन्तर्राष्ट्रिय श्रम बजारमा आएको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक पाँच-पाँच वर्षमा नीति पुनरावलोकन गर्ने उल्लेख छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व गरेका प्रत्येक मन्त्रीले नीति पुनरावलोकनलाई प्राथमिकता दिइएको उल्लेख गर्दै आएपनि अहिलेसम्म पुनरावलोकनले मूर्तरुप लिन सकेको छैन । वर्तमान सरकारले भने वैदेशिक रोजगार नीतिलाई पुनरावलोकनको तयारी गरिरहेको छ। सरोरकावालाले वैदेशिक रोजगारमार्फत गरिबी निवारण तथा राष्ट्रको दीगो आर्थिक र सामाजिक विकासमा अधिकतम योगदान पुर्‍याउने लक्ष्य लिएको नीति पुनरावलोकन गर्दा श्रमिकलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिएका छन् ।

– बाँकी पृष्ठ २ मा

# बजेट लगत्तै नागरिकता विधेयक

आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेट पारित गरे लगतै संसदमा विचाराधीन नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक अगाडि बढाउने पाँच दलीय सत्ता गठबन्धन र सरकारको तयारी रहेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।




करिब चारवर्षदेखि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित गर्ने तयारी भएको छ। गत २०७५ साउन २२ गते संसद्मा दर्ता भएको उक्त विधेयक एक साताभित्र पारित हुने प्रधानमन्त्री शेरबहादुर देउवाले बताएका हुन् ।

जसपा सांसद प्रदीप यादव सहितको टोलीसँगको भेटमा देउवाले १/२ दिनभित्रै र ढिलोमा एक सातामा नागरिकता विधेयक पारित हुने तयारी गरेको सचिवालय श्रोतले जनाएको छ। 'एक साताभित्र नागरिकतासम्बन्धी विधेयक टुंगो लगाउँछु। भोलि, पर्सिमै ल्याउँछु। ढिलोमा मात्रै एक साता हो,'देउवाको भनाइ उदृत गर्दै यादवले भने,'यो मेरो आश्वासन होइन, ठोकुवा हो। बिहे गरेर आउने विदेशी महिलाले विगतको जस्तै नागरिकता पाउने प्रावधान रहनेछ ' श्रोतले भन्यो । सरकारले राष्ट्रिय सहमतिका आधारमा नागरिकता विधेयक अगाडि बढाउने बताइरहे पनि संसद्को कार्यव्यवस्था परामर्श समितिमा भने यो एजेन्डा नै छलफलका लागि नआएको संसद सचिवालयले जनाएको छ ।

त्यसैगरी सांसद प्रदीप यादवले पनि बिहे गरेर आउने विदेशी महिलालाई नागरिकता पाउन ७ वर्ष प्रस्ताव गरिएको भए पनि अब सो प्रावधान नरहने बताएका छन् । संसदमा ५ वर्षदेखि अड्किएको विधेयकका कारण लाखौं युवा नागरिकताबाट बञ्चित भएको उनले बताएका छन् । नागरिकता नभएकै कारण कैयौं युवाहरू अध्ययनका लागि छात्रवृत्ति, रोजगारी लगायतबाट बञ्चित भएका छन् ।

कानुनमन्त्री गोविन्द शर्मा बन्दीले पनि नागरिकता सम्बन्धी विधेयक छिट्टै अघि बढ्ने बताउँदै आएका छन् । 'अहिले राजनीतिक दलहरूबीचमा यो विधेयक पारित गराउने विषयमा छलफल चलिरहेको छ,' उनले भने, 'बजेटका विधेयकहरू पारित भएलगत्तै यसलाई अघि बढाएर राजनीतिक दलहरूको सहमतिमा पारित गरिन्छ ।'

प्रधानमन्त्री देउवाले मात्रै सदनमा अन्य सांसदहरुले पनि नागरिकता विधेयक तत्काल पारित गर्न सरकारलाई दबाव दिदैं आएका छन् । 'नागरिकता विधेयक लामो समय राज्यव्यवस्था समितिमा रह्यो र अहिले संसद्मा विचाराधीन छ। यस्तो संवेदनशील विषयमा संसद् र सरकार किन मौन छ,?' उनले प्रश्न गरिन्, 'यो विधेयक पास नहुँदा विशेष अवस्थामा रहेका नेपाली नागरिक नागरिकता लिनबाट वञ्चित छन्, महिला तथा सामाजिक विकास समितिका सभापति एवम् नेकपा एमालेका सांसद निरुदेवी पालले भनिन्।' उनले पालले नागरिकता नहुँदा उच्च शिक्षा हासिल र रोजगारीबाट पनि वञ्चित हुनु परेको गुनासो गर्दै आएकी छिन् ।

– बाँकी पृष्ठ २ मा

# जनताको घरदैलोमै पुगेर सेवा दिँदै वडाअध्यक्ष भण्डारी

**अर्जुन बिस्ट/मध्यान्ह**
रुकुम पश्चिम, ३० जेठ

स्थानीय सरकारको सबैभन्दा तल्लो र सबैभन्दा बढी जनताको सम्पर्कमा रहने जिम्मेवार इकाई हो वडा कार्यालय ।

सबै भन्दा नजिकको सरकारका रुपमा रहेको वडा सरकार जनताको सुख, दुःखको साथी पनि हो ।

'योजना कार्यान्वयन तीव्र गतिमा छन् । वडा कार्यालयको भवन पनि बनाउनुछ । फेरि जनताको समस्या पनि बुझ्नुपर्‍यो' आठबिसकोट नगरपालिका -५ का वडा अध्यक्ष घनश्याम भण्डारी भन्छन्, 'निर्वाचित भए लगत्तै मतदाता भेटघाट तथा धन्यवाद दिन टोल-टोलमा जाँदा नागरिकका धेरै जसो समस्या देखियो । समस्याको समाधानको लागि वडा सदस्यहरु सहितको टोली घर-घरमा पुगेर जनताका समस्याहरु बुझ्ने प्रयास गरिरहेका छौं ।'

वडा अध्यक्षको जिम्मेवारी सम्हालेपछि भण्डारी जनताकै घर आगनमा पुग्दै आएका छन् । अहिले उनको दैनिकी नै जनताको घर आँगनमा पुगेर समस्या पहिचान गर्ने र



त्यसको समाधानको प्रयास गर्ने रहेको छ । 'म जनताको भावना अनुसार चल्नुपर्छ' उनी भन्छन्, 'वडा अध्यक्ष जनताको सेवक हो । हाकिम होइन् । म अबको पाँच वर्ष त्यहि सेवक बनेर काम गर्छु ।'

माओवादी केन्द्रबाट गएको वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा वडाअध्यक्षमा निर्वाचित भएका भण्डरी आफ्नो साथमा कृषि प्राविधिक, पशु प्राविधिक र स्वास्थ्यकर्मी लिएर जनताकै घरदैलोमा सेवा प्रवाह गरिरहेका छन् ।

गाउँमा रहेका सामान्य बिरामी, गाईभैंसी र बाखामा देखिने रोग लगायत कृषकले लगाएको अन्नवालीमा देखिने समस्यालाई हल गर्न वडा अध्यक्ष, सदस्यहरु, सम्बन्धित शाखाका कर्मचारीहरुसहित नागरिकको घरघरमा गएर सेवा दिइरहेको वडा सचिव युवराज भण्डारीले जानकारी दिए ।

निर्वाचित भएदेखि एक असल सेवकको रुपमा आठबिसकोट नगरपालिका वडा नम्बर ५ का अध्यक्ष भण्डारी परिचय बनाउनतर्फ लागेका छन् । वडा समिति वडा सरकारको रूपमा रहेको हुन्छ । देशभरीका प्रत्येक वडामा एक जना वडा अध्यक्ष र चार जना सदस्यसहित पाँच जना जनप्रतिनिधि रहेका छन् ।

पशुपंक्षीमा देखिने समस्या, नागरिकको स्वास्थ्य परीक्षण र किसानहरुले वर्षभरी लगाएको खाद्यान्न बाली र तरकारीबालीमा समस्या नहोस् भनेर दक्ष जनशक्तिसहित जनप्रतिनिधिहरु घरदैलोमा लागेका हुन् । अध्यक्षको जिम्मेवारी सम्हालेको केही साता भित्रै उनले जनप्रतिनिधिहरुको साथ र सहयोग लिँदै परिवर्तन तर्फ अग्रसर भएको स्थानीय बताउँछन् ।

# मनसुन प्रतिकार्य कमाण्ड टोली गठन

**काठमाडौं/मस-** मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष एवं गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा आज सिंहदबारमा बसेको १३ औं बैठकले कार्ययोजना स्वीकृत गर्दै प्रभावकारी कार्यान्वयनका लागि कमाण्ड टोली गठन गरेको हो ।

कार्ययोजनामा यस वर्षको मनसुनजन्य विपद्को जोखिम अवस्थाको विश्लेषण तथा प्रभाव आंकलन, मन्त्रालयगत तथा विषयगत क्षेत्रको जिम्मेवारीका साथै आपतकालीन सञ्चालन कोष तथा सामग्रीहरुको मौज्दात विवरण समेटिएको छ ।

दुई खण्डमा बाँडिएको कार्ययोजनाको पहिलो खण्डमा जोखिमको अवस्था विश्लेषण तथा प्रभाव आँकलन, विगतका मनसुनको पूर्वतयारी तथा प्रतिकार्यको समीक्षा र मन्त्रालय तथा विषयगत क्षेत्रको जिम्मेवारी समेटिएको छ ।

त्यस्तै, दोस्रो खण्डमा संघीय मन्त्रालय तथा निकायहरु र विषयगत क्षेत्रको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना छ ।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न र मनसुनजन्य विपद्को व्यवस्थापनलाई कार्यान्वयन तहमा प्रभावकारी समन्वय र सहकार्य गर्न मनसुन अवधिभरका लागि बैठकले गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख प्रदीप कोइरालाको संयोजकत्वमा मनसुन प्रतिकार्य कमाण्ड टोली गठन गरेको छ ।

टोलीमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, जनस्रोत तथा सिँचाई विभागका प्रतिनिधिहरु रहेका छन् ।

बैठकमा गृहमन्त्री खाणले मनसुनजन्य विपद्का घटनाहरुबाट जनधनको क्षति न्यून गर्न पूर्वतयारी तथा प्रतिकार्यमा गम्भीर भएर लाग्न सम्बन्धित मन्त्रालय, विषयगत निकायहरु तथा सुरक्षा निकायलाई निर्देशन दिएका थिए ।

गृहमन्त्री खाणले विपद्का घटनाहरुलाई न्यूनीकरण गर्न तथा घटना भइहालेमा अस्तव्यस्तता रोक्न प्रभावकारी संचारमा जोड दिनुपर्ने धारणा राखेका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले प्रतिकार्यमा जिम्मेवार निकायहरुको आपतकालीन सम्पर्क नम्बरहरु सर्वसाधारणसम्म पुग्नेगरी संचार गर्न सुझाव दिएका थिए ।

शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले एकीकृत विकासमा विपद् सम्बन्धी विषयवस्तुलाई समावेश गरिनुपर्ने धारणा राखेकी थिइन् ।

# जिसस गुल्मीको निर्वाचनका लागि उम्मेदवारी दर्ता

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, ३० जेठ



जिल्ला समन्वय समिति गुल्मीको निर्वाचनका लागि सोमबार दलहरुले उम्मेदवारी दर्ता गराएका छन् । असार १ गते हुने निर्वाचनका लागि नेकपा एमाले र गठबन्धनका तर्फबाट नेपाली कांग्रेस,नेकपा माओवादी केन्द्र,राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत समाजवादीले संयुक्त रूपमा उम्मेदवारी दर्ता गराएका हुन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय तम्घासमा समन्वय समितिको प्रमुखमा गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका दोर्ण बहादुर खत्री र नेकपा एमालेको तर्फबाट युवराज न्यौपानेको उम्मेदवारी परेको छ । शर्मा स्थानीय तहको निर्वाचनमा चन्द्रकोट गाउँपालिका वडा नं ३ बाट वडा सदस्यमा निर्वाचित भएका थिए भने न्यौपाने सत्यवती गाउँपालिका वडा नं ६ बाट वडा सदस्य पदमा निर्वाचित भएका थिए ।

त्यसैगरी गठबन्धनको तर्फबाट उपप्रमुखमा नेकपा माओवादी केन्द्रका तेजेन्द्र सलामी र नेकपा एमालेको तर्फबाट रमादेवी पुनको उम्मेदवारी परेको छ । सलामी स्थानीय तहको निर्वाचनमा कालिगण्डकी गाउँपालिका वडा नं ६ बाट वडा सदस्यमा निर्वाचित भएका थिए भने एमालेको तर्फबाट उम्मेदवारी दिएकी पुन चन्द्रकोट गाउँपालिका वडा नं ५ बाट वडासदस्य पदमा विजयी भएकी थिइन् ।

त्यस्तै सदस्यमा गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका महेश्वर भण्डारी, सुनिता जिसी कुँवर, शेर बहादुर कुँवर, नेकपा एकीकृत समाजवादीका सावित्रा भण्डारी, नेकपा माओवादी केन्द्रका वीर बहादुर कार्की र राष्ट्रिय जनमोर्चाका निरमाया रानाको उम्मेदवारी दर्ता भएको छ भने नेकपा एमालेको तर्फबाट पिताम्बर अर्याल, कृष्ण प्रसाद भण्डारी, ज्ञानप्रसाद श्रेष्ठ, सागर नेपाली, ममता सुनार आत्रेय, कल्पना अधिकारी र विमला पन्थीको उम्मेदवारी परेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जेठ ३१ गते उम्मेदवारको विरोधमा उजुरी दिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यतालिका रहेको छ ।

### २४ मतदाता

गुल्मीमा जिल्ला समन्वयको निर्वाचनका लागि २४ जना मतदाता रहेका छन् । १२ पालिकाका स्थानीय तहका प्रमुख/अध्यक्ष एवम् उप-प्रमुख/उपाध्यक्षले मतदान गर्नेछन् ।

समन्वय समितिको निर्वाचनका लागि कांग्रेस र एमालेका १०/१० एवम् माओवादी केन्द्रका चार मतदाता छन् । जिल्ला समन्यव समितिमा एक प्रमुख, एक उपप्रमुख, तीन खुला सदस्य, तीन महिला सदस्य र एक दलित सदस्य रहने व्यवस्था रहेको छ । जिल्ला समन्वय समिति गुल्मीको निर्वाचन असार १ गते हुँदैछ ।

## मनाङ बाढीको एक वर्ष

# विपद्को भयले अझै झस्काउँछ मनाङवासीलाई

**नवीन लामिछाने/रासस**
मनाङ, ३० जेठ

मनसुन नेपालमा भित्रिसकेको छ । मनसुनको सुरुआत भएसँगै वर्षा भएपछि प्राकृतिक विपत्ति पनि बढ्दै गएको छ । गत वर्ष जेठ र असारमा मर्स्याङ्दी नदीमा आएको बाढीका कारण हिमाली जिल्ला मनाङका विभिन्न क्षेत्रमा क्षति पुगेको थियो । गत वर्षको ३१ जेठ र असारको पहिलो साता मर्स्याङ्दी नदीमा आएको बाढी प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिएको छैन ।

बाढीबाट क्षति पुगेका बाढी प्रभावितको आवास तथा बाढीले क्षति पुगेको संरचनाको निर्माण एवं पुनर्निर्माण गर्न सकिएको छैन । विशेषगरी गत वर्ष बाढीले नासौँ गाउँपालिकाका विभिन्न गाउँमा बढी क्षति पुर्‍याएको थियो ।

गत वर्षको बाढीका कारण घरबारविहीन भएका मनाङ नासौँ गाउँपालिकाको सिरानताल र तालगाउँका प्रभावित पुराना आवासलाई सरसफाइ गरेर बस्न बाध्य छन् । मनसुनको सुरुआत भएपछि बाढी प्रभावित भयमा बस्न बाध्य छन् । मनाङको सदरमुकाम चामे नै मर्स्याङ्दी नदीको जोखिम रहेको छ । नदीमा आएको बाढीले चामेको विद्यालयलगायत विभिन्न सार्वजनिक संरचनामा क्षति पुर्‍याएको थियो । बाढीले क्षति पुर्‍याएका संरचनाको हालसम्म पनि मर्मत सकिएको छैन ।

वर्षामा बाढीको त्रास छ भने जाडोमा चिसोले बाढी प्रभावित सकसमा जीवन जिउन बाध्य छन् । हिउँदको चिसो कठ्याङ्ग्रीदै कटाएका बाढी प्रभावितका लागि सुरक्षित आवाससहित बस्ती स्थानान्तरणको पर्खाइमा छन् । बाढीका कारण विस्थापित तालगाउँ र सिरानतालका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने आशमा छन् ।

मौसम पूर्वानुमान महाशाखाले यस वर्ष पनि वर्षा बढी हुने जानकारी गराएको छ र वर्षा सुरु भइसकेकाले मनाङवासी तथा विशेषगरी तालगाउँवासीमा त्रास बढेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताए ।

सुरक्षित आवास अभावमा उनीहरूले भत्किएका संरचनामा बाढीले ल्याएको गिट्टी, बालुवा, ढुङ्गा हटाएर टिनको टहरा निर्माण गरी बसेको आचार्यले बताए ।

उनका अनुसार गत मङ्सिरमा गण्डकी प्रदेश सरकारले दिएको रु दुई लाख र नासौँ गाउँपालिकाले दिएको रु एक लाखले अस्थायी टहरा मर्मत गरी बसेका छन् । बाढीपीडितका लागि वर्षायाम अगावै स्थानान्तरण वा सुरक्षित बासको व्यवस्था गर्ने योजना तयारी गर्न नसकिएको प्रजिअ आचार्यले बताए । गत वर्ष मर्स्याङ्दी नदीको बाढीले तालगाउँ र सिरानतालको बस्ती तहसनहस पारेको थियो ।

नासौँ गाउँपालिका-१ तालगाउँ र सिरानगाउँ मर्स्याङ्दी नदीबाट बढी जोखिममा छन् । नदीको किनारमा आएको बाढीको जोखिममा यी दुई गाउँ नै हुन् । जोखिमयुक्त स्थानमा भएको बस्तीले मानवीय क्षति पुग्ने भनेर विज्ञले सार्नुपर्ने सुझाव दिएका छन् । जोखिमयुक्त बस्ती सार्नुपर्ने विज्ञको सुझावपछि सुरक्षित स्थानको खोजीमा स्थानीयवासी छन् । सुरक्षित स्थानको खोजी गर्दागर्दै स्थानीयवासी हिउँदभित्रै घर बनाउने भनिए पनि वर्षा सुरु हुँदासम्म पनि जोखिमयुक्त घर मर्मत गरी बसिरहेका छन् ।

वर्षा लागिसक्दा पनि सुरक्षित बासको अझै ठेगान लगाउन सकिएको छैन । यसले गर्दा पुर्ख्यौली थातथलो नै छोड्नुपर्ने हो कि भन्ने चिन्ताले बाढी प्रभावित शान्तरुपमा बस्न सकेका छैनन् । सुरक्षित स्थानको पहिचान नहुँदा उनीहरूले व्यक्तिगत तवरबाट घर बनाउनसमेत पाएका छैनन् । स्थानीय सरकार र प्रदेश सरकारको केही राहत रकम प्रदान गरेको थियो । जग्गा अभावका कारण बाढी प्रभावितको सुरक्षित आवास निर्माण प्रक्रिया अघि बढ्न नसकेको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए । सिरानतालको सात र तालगाउँको ४३ घरधुरी अन्य सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको छ ।

### भ्रमणले...

सोमबार संसद भवन नयाँ बानेश्वर परिसरमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै नेता क्रममा गुरुङले आगामी प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमालेसँग सहकार्य हुन सक्ने बताए । 'राष्ट्रिय स्वाधीनताको प्रश्नमा जोसँग विचार मिल्छ, हामी उहीसँग चुनावी तालमेल गरेर जान्छौँ', उनले भने, 'विगतमा एमालेले संसद विघटन गरेर प्रतिगमनतिर गएकाले कांग्रेससँग मिल्दै स्थानी तह निर्वाचनमा जानु परेको हो।' उनले नेता नारायाणकाजी श्रेष्ठ र एमाले अध्यक्ष ओलीसँग गरेको भेटलाई स्वाभाविक रुपमा लिएको प्रतिक्रिया पनि दिए ।

### संसदले...

अर्कोतर्फ प्राङगारिक मल प्रदेश स्तरबाट उत्पादन गर्ने सरकारको लक्ष्य रहेकाले यो योजना अनुसार काम भएपछि रासाइनिक मलको प्रयोगमा कमि आउने र माटोको उर्वरा शक्ति पनि रासाइनिक मलले जस्तो माटो नबिगार्ने सरकारको बुझाई रहेको उनले सुनाए ।

पछिल्लो समय नेपालमा रसाइनिक मलको अभाव हुनु अर्न्तराष्ट्रिय बजारमै अभाव रहनु पन एक रहेको उनको भनाई छ । अन्तर्टराष्ट्रिय बजारमा मल अभाव भएपछि भारतमा पनि मल अभाव भएको र त्यसको प्रभाव नेपालमा पनि परेको कृषि तथा पशुपंक्षी विकासमन्त्री यादवको जवाफ छ ।

मन्त्रीको जवाफ पछि प्रतिनिधिसभाले रासाइनिक मल सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्दै किसानलाई मल उपलब्ध गराउने सबै उपाय अपनाउन सरकारलाई निर्देशन दिएको हो ।

### बजेट लगत्तै...

तत्कालीन समयमा नेपाली कांग्रेस, तत्कालीन राजपा, समाजवादी र नेमकिपाले विदेशी बुहारीलाई सात वर्षपछि अंगिकृत नागरिकता दिने प्रावधानमा फरक मत राखेका थिए । संविधानविपरीत यो प्रावधान आएको भन्दै कांग्रेसले फरक मत राखेको थियो । कांग्रेसका दिलेन्द्रप्रसाद बडू, डिला संग्रौला, देवेन्द्रराज कँडेल, अमरेशकुमार सिंह, विनोद चौधरी र मीना पाण्डेले समितिमा फरक मत राख्दै आएका थिए । राज्य व्यवस्था समितिले उक्त विधेयकमा लामो समय काम गरेकाले सोही विषयलाई आधार बनाएर जाने कुरामा सबै राजनीतिक दलहरू सहमत रहेको र केही व्यवस्थामा राजनीतिक सहमति खोज्ने प्रयास भएको देउवा निकट नेताहरुले बताएका छन् ।

### पूर्वमन्त्री विष्टको...

प्रहरी परिचालन गराई पक्राउ गरी कानूनी दायरामा ल्याएको, वैदेशिक रोजगार विभागमा प्रहरी नायव उपरीक्षकको नेतृत्वमा प्रहरी युनिट खडा गरिएको र अनलाइन प्रणालीमार्फत श्रम स्वीकृति प्रदान गरी वर्षौंदेखि कायम झन्झटिलो अवस्थाको अन्त्य गरिएको बताए ।

आवश्यक सीप तालिम दिएर वैदेशिक रोजगारीमा जाने कामदारलाई तालिम दिन सातवटै प्रदेशमा तालिम केन्द्र, त्यहीँबाट सबै प्रकारका श्रम स्वीकृति र ठगी नियन्त्रणको प्रवन्ध गरिने भन्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारमा जान सरकारले तोकेकोभन्दा बढी रकम असुल्ने म्यानपावर कम्पनीलाई कारबाही गरिएको पनि उल्लेख गरे ।

यसअघि सांसदहरुले स्वदेशमा नै रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने, श्रमिकलाई बाँच्न पुग्ने न्यूनतम ज्याला हुनुपर्ने, स्वरोजगार र विदेशमा गएकाहरु तथा उनीहरूको परिवारको सुरक्षा गर्नुपर्ने, श्रम स्वीकृति सातै प्रदेशबाट हुनुपर्ने, सरकार-सरकार मार्फत विभिन्न देशहरुसँग श्रम सम्झौता गर्नुपर्ने लगायतका सुझाव दिएका थिए । जवाफमा मन्त्री श्रेष्ठले सांसदहरुले उठाएका प्रत्येक प्रश्न र सुझाव अनुसार मन्त्रालयले आगामी आर्थिक वर्षका योजनाहरूमा समेटेर अगाडि बढ्ने बताए ।

### वैदेशिक रोजगार...

मानव अधिकारका लागि जनमञ्चले सोमबार आयोजना गरेको कार्यक्रममा सरोकारवालाले वैदेशिक रोजगारका आयममा आएका परिवर्तनलाई आत्मसात गर्दै नीति पुनरावालोकन हुनुपर्ने बताए । गन्तव्य मुलुक र स्रोत मुलुकको आवश्यकताका परिपूर्तिका रुपमा वैदेशिक रोजगारी रहेको उल्लेख गर्दै उनीहरुले वैदेशिक रोजगारीलाई कामयवी बनाउन नीतिमा स्पष्ट व्यवस्था हुनुपर्ने बताए ।

कार्यक्रममा 'वैदेशिक रोजगार नीतिको पुनरावलोकनको आवश्यकता र नागरिक समाजको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता सोम लुईंटेलले वैदेशिक रोजगारको बहुआयामिक पक्षलाई ध्यान दिएर नीति पुनरावलोकन गरिनुपर्ने बताए । 'श्रमिकलाई केन्द्रमा राखेर नीति पुनरावलोकन गर्नुपर्छ,' उनले भने । संयुक्त राष्ट्रसंघले आप्रवासी श्रमिकको अधिकारलाई मानव अधिकारका रुपमा हेरेको उल्लेख गर्दै उनले नीतिमा कामदारको अधिकारलाई प्राथमिकता दिनुपर्ने बताए ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) का अध्यक्ष हरिबहादुर थापाले नीति परिमार्जन गर्न सरकारलाई दबाब दिनुपर्ने बताए । 'श्रमिकको सामाजिक सुरक्षा, विपदको समयमा श्रमिकको उद्धारलगायतको व्यवस्था नीतिमै हुनुपर्छ,' उनले भने, 'श्रमिकलाई मतदानको अधिकार, नेपालभित्र पनि कार्यक्षेत्रबाटै मतदान गर्ने व्यवस्था नीतिमा समेटिनुपर्छ ।'

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का पूर्वसचिवालय सदस्य नरनाथ लुईंटेलले वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी रोक्ने व्यवस्था नीतिमा हुनुपर्ने बताए । रिटर्नी फेरेडेशन नेपालका प्रवक्ता जेपी सापकोटाले आप्रवासी श्रमिकलाई सामाजिक सुरक्षामा जोड्नुपर्ने र श्रमिकको पुनःएकीकरणलाई प्रभावकारी बनाउने विषय नीतिमै व्यवस्था गर्नुपर्ने धारणा राखे ।

आप्रवासी घरेलु कामदारको क्षेत्रमा काम गर्दै आएको संस्था अमकाश नेपालका अध्यक्ष विजया राई श्रेष्ठले लैङ्गिक मैत्री नीति बनाउनुपर्ने र आलेखबद्ध कामदारलाई नीतिले समेट्नुपर्ने बताइन् । वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले सीपयुक्त जनशक्तिमात्र वैदेशिक रोजगारीमा पठाउने नीति अवलम्बन गरिनुपर्ने बताए ।

आप्रवासन अध्येता सोम लामिछानेले श्रम आप्रवासन र वैदेशिक रोजगारीका विषयमा प्रष्ट भएर नीति पुनरावलोकन गरिनुपर्ने बताए । रोजगारीका क्रममा भारतमा रहेका श्रमिकलाई पनि नीतिले सम्बोधन गर्नुपर्ने उनले बताए । प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलप्रसाद कार्कीले वैदेशिक रोजगार बोर्डलगायत संरचनाका बारेमा नीतिमा स्पष्ट व्याख्या हुनुपर्नेमा जोड दिए ।

**बहराइनमा रोजगार** | १. कम्पनी: SAMAR CHIC BEAUTY AND FITNESS CENTER S P C
शहर: BAHARAIN

पूर्व स्वीकृत मिति: २०७९/०२/३० | चलानी नं.: ६०१८०९१० | LT. No.: 264932

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: BD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ४९,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार गते (21 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4354297, Mob.: 9810147957, 9803835493, 9818174840
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९/०२/३१)**

यस कार्यालयबाट मिति:२०७९/०१/१६ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रको बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७(सात) दिने सूचना जारी गरिएको छ ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-14/2078/079 | Construction of kohalpur Municipality office Building Works Kohalpur-11,Banke | Associate-Jaya Bhawani-Ranjeetkar JV Kohalpur-11, Banke | Rs. 15,38,48,710.42 |

**प्रमुख प्रशासकीय अधिकृत**

# लोकतान्त्रिक गठबन्धन बनाउन लोसपाको प्रस्ताव



**काठमाडौं/मस–** महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीले लोकतान्त्रिक गठबन्धन निमार्ण गरेर संघीय संसदीय निर्वाचनमा जानुपर्ने एजेण्डा अघि सारेको छ।

नेपाली कांग्रेसले वामपन्थी शक्तिसँग निरन्तर गठबन्ध गरेर अघि बढ्दा लोकतान्त्रिक मूल्य मान्यतामा कालान्तरमा ह्रास आउने र वामपन्थी शक्ति झन् बलियो बन्दै जाने तर्क गर्दै लोकतान्त्रिक गठबन्धन बनाउन जोड गरेको हो ।

प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवालाई पटक-पटक भेटेका अध्यक्ष ठाकुर स्वयंले सो विषय उठान गर्दै आएका छन् ।

'तपाइँले अहिले गठबन्धन गरेका सबै दल वामपन्थी दल हुन, निरन्तर सोही दलसँग गठबन्धन गरेर जानुभयो भने कालान्तरमा लोकतान्त्रिक शक्तिहरू क्रमशः कमजोर हुँदै जानेछन्, यसमा पुनर्विचार गर्नुपर्ने देखिन्छ,' ठाकुरको प्रस्ताव छ, 'स्थानीय तहको निर्वाचनमा हेर्दा कांग्रेसले जित हासिल गरेको भए पनि कुल परिणाममा हेर्दा वामपन्थी शक्तिहरूको मत बढाउने काम स्वयं कांग्रेसले गरेको छ, आफ्नै खुट्टामा बञ्चरो नहान्नुहोस् ।'

संख्यात्मक हिसाबले नेकपा एमाले दोस्रो भए पनि जनमतको हिसावले नेकपा एमाले पहिलो दल रहेको उल्लेख गर्दै कांग्रेसले गठबन्धन गरेका नेकपा माओवादी केन्द्र, नेकपा एस र जनता समाजवादी पार्टी नेपाल वामपन्थी शक्ति रहेको तर्क गर्दै ठाकुरले कांग्रेसले वामपन्थी शक्तिहरूलाई मत माग्दै हिड्न नहुने तर्क गरेका छन् ।

मुलुकभर वामपन्थी शक्तिहरूको बढी मत कायमै रहेको बखतमा कांग्रेसले गठबन्धनको नाममा झन् मत बढाउने काम गर्दा लोकतान्त्रिक शक्तिहरूमा दिन प्रतिदिन क्षयीकरण हुँदै गएको ठाकुरको तर्क छ ।

गत साता सम्पन्न लोकपा नेपालको केन्द्रीय कार्यकारिणी समिति बैठकमा पनि ठाकुर, शरदसिंह भण्डारीलगायतले लोकतान्त्रिक गठबन्धनको एजेन्डालाई बहसको विषय बनाउनुपर्ने विषयमा छलफल चलाएका थिए ।

'मुलुकमा यसै पनि वामपन्थी शक्तिहरूको मत बढी छ, यसमा कांग्रेसले थप सहयोग गरिरहेको छ, यो चिन्ताको विषय हो, त्यसैले पार्टीले लोकतान्त्रिक गठबन्धनको एजेण्डालाई स्थापित गर्नेतर्फ लाग्नुपर्छ। यसमा कांग्रेससँग कुन मोडेलमा सहकार्य हुने हो ? त्योबारेमा पार्टीले धारणा बनाउनुपर्छ।' उनको प्रस्तावलाई पार्टीमा बहुमत सदस्यले समर्थन गरेको एक केन्द्रीय कार्यकारिणी समिति सदस्यले भने ।

सोमबार बिहान ११ बुँदे ज्ञापनपत्रका विषयलाई लिएर प्रधानमन्त्री देउवालाई भेटेका ठाकुर र भण्डारीलगायतका नेताले सोही विषय उठान नगरेपछि यसअघि नै सो विषय प्रस्तावित भइसकेको छ । 'आजचाहिँ ११ बुँदे ज्ञापनपत्रका विषयमा मात्र छलफल भयो । लोकतान्त्रिक गठबन्धनको विषयमा छलफल हुन पाएन,' भण्डारीले भने, 'हाम्रो जोड लोकतान्त्रिक गठबन्धन बनाउनुपर्छ भन्नेमा हो, यसमा सबै लोकतान्त्रिक शक्तिहरू एकजुट हुनुपर्छ, यसको नेतृत्व कांग्रेसले गर्नुपर्छ भन्ने नै हो ।'

बलियो लोकतन्त्रका लागि लोकतान्त्रिक शक्तिहरू एकजुट नभएमा मुलुकका क्रमशः अप्ठयारो स्थितिमा पर्दै जाने लोसपा नेता भण्डारीले बताए ।

बाँके डायरी

पवन जायसवाल/मध्यान्ह

# १ सय २३ विद्यार्थीलाई छात्रवृत्ति

बाँकेको पाटेश्वरी आधारभूत विद्यालयले छात्रवृत्ति वितरण गरिएको छ । नेपालगन्ज उप-महानगरपालिका वडा नं. १८ भुजईगाउँमा वि.स. २०५२ सालमा स्थापित विद्यालयले कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको हो। १ सय २३ जना विद्यार्थीलाई ४०० रुपैयाँका दरले छात्रवृत्ति वितरण गरिएको विद्यालयकी प्रधानाध्यापक भृकुटी तारा शाहीले जानकारी दिइन् ।

विद्यालयका संरक्षक तथा विद्यालय व्यवस्थापन समितिका माधवराम वर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि नेपालगन्ज उप-महानगरपालिकाका नगर प्रमुख प्रशान्त बिष्ट र वडा नं.-१८ का वडा अध्यक्ष दिपक वर्माले छात्रवृत्ति वितरण गरेका थिए ।

कार्यक्रममा भुजईगाउँ निवासी बजरंगलाल बर्मा (कुर्मी) र रामलली बर्मा(कुर्मी) लाई दोसल्ला ओढाई सम्मान-पत्रका साथमा सम्मान गरिएको छ। उनीहरुले विद्यालयलाई २ कट्ठा जग्गा दान गरेका थिए ।

कार्यक्रममा नगर प्रमुख बिष्टले पाटेश्वरी आधारभूत विद्यालयको दिवाललाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। वडा नं.-१८ का वडा अध्यक्ष दिपक वर्माले आफनो विचार राख्दै वडा कार्यालयबाट विद्यालयको लागि सहयोग गर्न सदैव तयार रहेको बताए । व्यवस्थापन समितिका सदस्य सायरा अन्सारी, साहू समाज समितिका अध्यक्ष हंशराम साहू लगायतले विचार राखेका थिए ।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक भृकुटीतारा शाहीले स्वागत मन्तव्य, शिक्षक ओम प्रकाश त्रिपाठीले कार्यक्रम सञ्चालन गरेको कार्यक्रममा समाजसेवी बलराम कुर्मी, जाकीर अली मनिहार लगायतको सहभागिता रहेको थियो। यसैगरी कार्यक्रममा व्यवस्थापन समितिका संरक्षक सदस्य ओम कुमारी थापा, सदस्यहरुमा रामनरेश ठाकुर, बिनोद ठाकुर, अनिता क्षेत्री, शिक्षकहरुमा सुन कुमारी थापा, सुष्मा केसी (बिष्ट), उमा श्रीवास्तव र नोकी क्षेत्रीको सक्रिय सहभागितामा छात्रवृति वितरण गरिएको छ ।

# ४२ जनाले गरे रक्तदान

बाँकेको एकता युवा क्लबले सातौं श्रृङ्खला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.- २२ पुरैनीमा शर्मिला आल्मुनियम सप्लायर्सको प्रायोजनमा रक्तदान कार्यक्रम गरिएको हो । गर्मी समयमा रगतको अभाव हुने भएकाले क्लबले शनिबार गरेको कार्यक्रममा २ जना महिलासहित ४२ जनाले रक्तदान गरेका छन् ।

'रक्तदान जीवनदान' भन्ने मूल नाराकासाथ सातौं श्रृङखलामा आयोजना गरिएको रक्तदान कार्यक्रममा एकता युवा क्लबका अध्यक्ष राजेश कुमार यादव, प्राइमलाइफ इन्स्युरेन्स नेपालगन्जका शाखा प्रबन्धक दिपक चालिसे, ओमकार थापा, अभिशेख मिश्रा, मनोज मिश्रा, बिनोद कुमार यादव, विशाल गोडिया, राजेश गोडिया, वीरेन्द्र गहतराज, रतन गोडिया, आशिष सिंह गुरुङ, शेरबहादुर बोहरा, पदम बहादुर शाही, अक्कल शाही, निराजन विसी, अजय साहनी, गहेन्द्र, कृष्ण सिंह थापा, दिपेश घर्तीमगर, सदेश गोडिया, ऋषि प्रसाद, गौतम गोडिया, अमन गोडिया, धर्मु गोडिया, बिजय रोका, रबि गौतम, सुनिता गोडिया, योगेन्द्र वली, अभिशेक सुनार, दिपक बुढा क्षेत्री, प्रेम सुनार, मनिष सुनार, रवि मगर, आशिष बस्नेत, टर्चन टेम्बा शेर्पा, सूरज काफ्ले, बिनोद गौतम, दिवेश काफ्ले, दिनेश कुमार यादव, मंगल जिएम, प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका होमराज गिरी, अमृता केसी लगायत ४२ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रमको अवसरमा नेपालगन्ज उप-महानगरपालिका वडा नं.-२२ का नवनिर्वाचित वडा अध्यक्ष अब्दुल गफ्फार हलवाई, सदस्यहरु खडक बहादुर गुरुङ्ग, राजिया किंघरिया, राधा कुमारी पासीलाई गम्छा र मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो ।

यस्तै, नेपालगन्जा उपमहानगरपालिका वडा नं.-२० का वडा अध्यक्ष कौशल कुमार धोबी, राष्ट्रिय भूमि आयोग बाँकेका अध्यक्ष श्रवण कुमार यादव, शर्मिला अल्मुनियम सप्लायर्सका बसन्त गौतम, समाजसेवी माधवराम वर्मालाई गम्छा र मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी उपशाखा पुरैनीका सभापति फन बहादुर गुरुङ, बासका केन्द्रीय उपाध्यक्ष शिव कुमार वर्मा, हुकुम केसी, मोहित शाह, सोम गुरुङ लगायतको सहभागिता रहेको थियो ।

# पूर्वाधार विभाग खारेजीका विरुद्ध आन्दोलनमा कर्मचारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत कर्मचारी यूनियनमा सम्वद्ध कर्मचारीहरु आन्दोलनमा उत्रिएका छन् ।

बजेट वक्तव्यमा स्थानीय पूर्वाधार विभाग खारेज गरेको विषयलाई लिएर कर्मचारीहरु आन्दोलनमा उत्रिएका हुन् । कर्मचारीहरुले जेठ ३० गते सोमबार सडक विभाग कार्यालय, पुल्चोक हातामा कालोपट्टी बाँधेर विरोध जनाएका छन् ।

स्थानीय पूर्वाधार विभाग खारेज गर्दा प्रदेश अन्तर्गत स्थानीय विकास कार्यालयमार्फत निर्माण भएका अर्बौंका भौतिक पूर्वाधारहरु संरक्षणमा चुनौती थपिने कर्मचारीहरुको भनाई छ । आन्दोलनरत कर्मचारीहरुले यूनियनको तर्फबाट विभागिय मन्त्री तथा सचिवलाई जेठ १७ गते सो विषयमा ध्यानाकर्षण समेत गराएका थिए ।

अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यको बुँदा नं ३०५ मा 'स्थानीय पूर्वाधार विभाग खारेज गरी विभागमा रहेका प्राविधिक कर्मचारी मध्ये १० प्रतिशत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पुर्वाधार विकास सहजीकरण इकाइमा रहने तथा बाँकी कर्मचारी प्रदेश सरकार र भौतिक पूर्वाधार सम्वद्ध संघीय मन्त्रालयमा समायोजन हुने व्यवस्था मिलाएको छु' भन्ने कुरा उल्लेख गरिएको छ ।

स्थानीय पूर्वाधार विभागका कर्मचारीहरुलाई भौतिक पूर्वाधार सम्वद्ध संघीय मन्त्रालयमा समायोजन गर्दा वृत्ति विकासमा समस्या आउने भन्दै यूनियनले आन्दोलनका कार्यक्रम अघि बढाउनुपरेको बताएका छन् ।

सोमबार आयोजित विरोध कार्यक्रमलाई सम्बोधन गर्दै भैतिक योजना तथा यातायात मन्त्रालय आधिकारिक ट्रेड युनियनका अध्यक्ष नेत्र देवकोटाले सिंगो सडक विभागमाथि आँखा लगाउने विषय भएकोले १५ दिन देखि आफुहरु निरन्तर आन्दोलनमा रहेको बताए । सम्बन्धित निकायले आफ्नो विषय गम्भिर रुपमा नलिएकाले बाध्य भएर आन्दोलन गर्नुपरेको देवकोटाको भनाई थियो ।

**राहदानी हरायो**

मिति २०७९/०२/०५ गते **बालाजु**बाट **रत्नपार्क** सम्म आउँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नामः राज कुमार बस्नेत**
**राहदानी नं.: ३८७२३४६**
**ठेगानाः खिजीदिम्वा ०७, ओखलढुङ्गा**
**सम्पर्कः ९८६०८७१५६८**

**मोटरसाईकल हराएको सूचना**

मिति २०७९/०२/२७ गते का.जि.का. म.न.पा. ११ एपिवान टेलिभिजन अगाडी पार्किङ्गबाट बागमती प्रदेश ०२-३०-प ८६३९ नम्बरको **बजाज पल्सर २२० सि.सि.** कालो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : दल बहादुर ढकाल**
**च्यासिस नं : MD2A13EX9MCD86637**
**इन्जीन नं : OKXCMO4783**
**सम्पर्क नं : ९८४७४०२७३८**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/३१**

**के.जि.के.सप्लार्यस प्रा.लि.** को मिति **२०७८/१२/०६** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **के.जि.के.सप्लार्यस एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: १२३२००)**, कायम गर्ने गरी मिति **२०७९/०२/२४** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कछुवा तस्करी बढ्दो



**काठमाडौं/मस–** पछिल्लो समय कछुवासहित पक्राउ पर्ने क्रम बढ्को छ। सोमबार मात्रै काठमाडौं महानगरपालिका-३२ कोटेश्वरबाट १० कछुवासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्नेमा कीर्तिपुर नगरपालिका-१ घर भएका २५ वर्षीय राज देउला र २० वर्षीय राहुल देउला रहेका छन् ।

कोटेश्वरस्थित एक क्याफे हाउसमा शङ्कास्पदरुपमा बसिरहेका उनीहरूलाई प्रहरीले जाँच गर्ने क्रममा झोलामा राखेका अवस्थामा उक्त कछुवा फेला पारी पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उनीरूले प्रयोग गरेको बा९९प ४९४४ नम्बरको मोटरसाइकल र तीन थान मोबाइलसमेत प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

यसैबीच एक सय १३ वटा कछुवासहित वीरगञ्जबाट एक जना पक्राउ परेका छन् । भारतबाट अवैधरूपमा ल्याएका एक सय १३ वटा ज्युँदा कछुवासहित बाराको कलैयाका आनन्दलाल टेमालीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । भारतबाट वीरगञ्ज महानगरपालिका-१६ इनर्वा गाउँको बाटो हुँदै कछुवा ल्याइरहेको सूचनाको आधारमा प्रहरीले टेमानीलाई पक्राउ गरेको हो । उनलाई कारबाहीका लागि डिभिजन वन कार्यालय पर्सामा बुझाइएको प्रहरीले जनाएको छ ।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अर्घाखाँचीको अनुरोध**

१. आफू र आफ्नो परिवारको सरसफाईमा ध्यान दिऔं ।
२. बारम्बार हात धुने र नियमितरूपमा नुहाउने गरौं ।
३. चर्पी गएपछि, फोहोर कुरा छोएपछि, घर बाहिर गएर आएपछि साबुन पानीले मिचिमिचि हात धुने गरौं ।
४. पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
५. पानीको मुहानको नियमितरूपमा सरसफाई गर्ने गरौं ।
६. वर्षतको पानीलाई उचितरूपमा व्यवस्थापन गरौं ।
७. पानीको समुचितरूपमा प्रयोग गरौं ।

**कार्यालय प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**सन्धीखर्क, अर्घाखाँची**

**वेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिसैया, कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०७९।०२।३१)**

यस कार्यालयबाट २०७९।०१।१२ मा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यमा पर्न आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमको फर्मले न्युनतम कबोल गरेको बोलपत्र सारभुत रुपमा प्रभावग्राही समेत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयका सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं | कामको विवरण | फर्मको नाम | कबोल अङ्क | कैफीयत |
|---|---|---|---|---|---|
| 1. | 23/BTR/ 2078/079 | NCELL Tower Dekhi Indra Khatriko Ghar Hudai Jane Road Blacktop, Bedkot Municipality 04 | श्री Masta Nirman Sewa, Dhangadhi 10, Kailali | ४१,६१,१७०।५३ (With VAT and PS ) | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**महालेखा नियन्त्रक कार्यालय**
**कोष तथा लेखा नियन्त्रक कार्यालय**
**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**प्रकाशित मितिः२०७९/०२/३१**

यस कार्यालयबाट मिति २०७९/०१/२६ गते गोरखा-पत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम E–Bids मार्फत समय सिमा भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमका बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम निजहरुको आर्थिक प्रस्ताव मिति २०७९/०३/०७ गते दिनको १२:०० बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | कामको विवरण | सारभूतरुपमा प्रभावग्राही देखियका बोलपत्रदाताहरु | |
|---|---|---|---|---|
| 1 | DTCO/SURKHET/ Works/NCB/01/078-079 | कार्यालय भवन निर्माण कार्य | १ | श्रीखण्डपुर निर्माण सेवा प्रा. ली. । |
| | | | २ | नरसिंह निर्माण सेवा प्रा. ली. । |
| | | | ३ | रामसागर/आरभ जे.भी.। |
| | | | ४ | जी.टी. कस्ट्रक्सन सुर्खेत । |

**कार्यालय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
३१ जेठ २०७९, मंगलबार
14 June 2022, Tuesday

## सम्पादकीय

# विश्वास घटाउने प्रयास

सर्वोच्च अदालतले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलबारे दिएको आदेशविरूद्ध प्रमुख दलहरूबीच लगभग राष्ट्रिय सहमति कायम भएको छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमै निजगढ विमानस्थलका निम्ति बजेट विनियोजन गरेको छ । जबकी संघीय संसदमा बजेट प्रस्तुत हुनुभन्दा पहिले नै निजगढबारे सर्वोच्चको आदेश आएको थियो । तर आदेशको कुनै वास्ता नगरी सरकारले आगामी वर्षको कार्यक्रममा निजगढ विमास्थललाई समेटेको छ । अर्थमन्त्री जनार्दन शर्माले विमानस्थल निर्माण कार्य नरोकिने सार्वजनिक अभिव्यक्ति नै दिएका छन् । अर्थमन्त्री शर्माको अभिव्यक्ति र निष्कर्षमा सत्ता पक्षले मात्रै नभएर विपक्षी दल नेकपा एमालेले समेत सहमत देखिन्छन् । राजनीतिक दलका नेताहरूले दीर्घकालीन विकासका निम्ति अगाडि बढाइएको विमानस्थल निर्माण कार्य रोकेर सर्वोच्च अदालतले कार्यकारी अधिकारमाथि हस्तक्षेप गरेको प्रतिक्रिया दिइरहेका छन् ।

निजगढबारे आदेशको पूर्ण पाठ भने आउन बाँकी छ । आदेशको पूर्ण पाठ आएपछि थप प्रष्ट हुनेछ, किन त्यहाँ विमानस्थल निर्माण कार्य रोकियो भनेर । तर प्रारम्भिक प्रक्रियामा भने दलहरूबीच अभूतपूर्व एकता देखिन्छ । एकताबद्ध दलहरूको प्रतिक्रियालाई संविधानवादका जानकारहरू भने उचित मानेका छैनन् । पूर्ण पाठ आएपछि मात्रै आवश्यक धारणा बनाउन सकिने उनीहरूको तर्क छ । पूर्ण पाठ नपर्खी गरिने टिप्पणीले न्यायिक विश्वास, मर्यादा र संविधानवादको सिद्धान्त कमजोर हुने उनीहरूको विश्लेषण छ । तर दलहरू भने यतिकै रोकिने देखिदैनन् । उसोत प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई लगाइएको महाअभियोग निरूपणतर्फ नबढाउनुले पनि दलहरूको न्यायिक निष्ठामाथि प्रश्न उठ्दै आएको छ ।

सत्तारूढ दलका सांसदहरूले जबराविरूद्ध दर्ता गरिएको महाअभियोग अगाडि बढाइएको छैन । पूर्वप्रधानमन्त्री झलनाथ खनालले त निष्कर्षमा लैजान महाअभियोग दर्ता नगरिएको सार्वजनिक अभिव्यक्ति दिएका छन् । विपक्षी एमाले सहमत नभएसम्म महाअभियोग अनुमोदन हुने सम्भावना पनि छैन । किनकि महाअभियोग पारित हुन दुई तिहाइ बहुमत चाहिन्छ । तर सत्तारूढ दलहरूले भने महाअभियोग लगाएर जबरालाई निलम्बनमा राख्दै कार्यबाहक नेतृत्वमार्फत् सर्वोच्च अदालत चलाउने उद्देश्य राखेको देखिन्छ । जबरा नेतृत्वमा हुँदा पनि न्यायालयका कतिपय फैसला विवादित बनेको थियो । जबरा आफैले पनि न्यायिक फैसलासँग कार्यकारीसँग भागबण्डाको राजनीतिक गरेका थिए । एकपछि अर्को प्रश्न न्यायालयको नेतृत्व र न्यायिक फैसलामाथि उठेको थियो । अहिले त्यसैको निरन्तरता पाइरहेको देखिन्छ । जसलाई रोकेर न्यायिक गरिमा, विश्वास र निष्ठा बढाउनु आमसरोकारवालाको दायित्व हो । समाजकै नेतृत्व गर्ने दलहरूले त अझ यसतर्फ गम्भीर भएर सोच्न जरूरी छ । राजनीतिक स्वार्थ र हतासामा प्रतिक्रिया जनाउनु उचित होइन ।

# इम्बोष्ड प्लेट र नेपाली भाषा

*नेपालको संविधान २०७२ को धारा ७ (१) ले यो भाषालाई सरकारी कामकाजको भाषाको रूपमा पनि लिँदै आएको छ । तर, सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६० (१) को भाग २ मा इम्बोष्ड नम्बर प्लेटको द्रष्टव्यमा इम्बोष्ड सवारी नम्बर प्लेटमा अक्षर र अंक अंग्रेजीमा हुनुपर्नेछ भनी उल्लेख छ । यो कुरा नेपालको मूल कानुन 'नेपालको संविधान' सँग बाझिएको छ ।*

**अग्रलेख**



● डा. हरिकुमार श्रेष्ठ

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा सबभन्दा बढी वा मातृभाषाको रूपमा बोलिने भाषा नेपाली पर्दछ, जसमा ४४.६४% नेपालीहरु यो भाषालाई मातृभाषाको रूपमा बोल्दछन् । त्यसपछि क्रमशः मैथिली (११.६७%), भोजपुरी (५.९८%), थारु (६%) तामाङ्ग (५.११%), नेवारी (३.२०%) तथा बाँकी २३.५७ % व्यक्तिहरु अन्य ११८ भाषाहरु पर्दछन् । नेपालका साक्षर व्यक्तिहरु (६८.९%) सबैले यो भाषा पढ्न, लेख्न तथा बोल्न जानेका हुन्छन् । नेपालमा अधिकांश नेपालीहरु अन्य भाषा बोले तापनि नेपाली भाषा पनि बोल्दछन् । तर अंग्रेजी भाषालाई मातृभाषाको रूपमा बोल्ने जम्मा ०.०१ प्रतिशत व्यक्तिहरु पर्दछन् । त्यस्तै गरेर, मातृभाषा प्रथम भाषाको रूपमा प्रयोग गर्नेहरु अन्य भाषाहरुलाई दोस्रो भाषाको रूपमा प्रयोग गर्दछन् । नेपालमा दोस्रो भाषाको रूपमा पनि नेपाली नै पहिलो स्थान (३२.७७%) पर्दछ भने त्यसपछि क्रमश : हिन्दी, मैथिली, भोजपुरी, थारु, अंग्रेजी, आदि पर्दछन् । यहाँ अंग्रेजीलाई दोस्रो भाषाको रूपमा प्रयोग गर्नेको संख्या पनि न्युन (०.३०%) नै देखिन्छ ।

जनगणनाअनुसार देवनागरी लिपिमा आधारित नेपाली भाषा कुनै एक जाति, समूह, धर्म तथा दल विशेषको मात्र नभएर समस्त नेपालीहरुको साझा सम्पर्क भाषा हो । यही कुरालाई हृदयङ्गम गरी नेपालको संविधान २०७२ को धारा ७ (१) ले यो भाषालाई सरकारी कामकाजको भाषाको रूपमा पनि लिँदै आएको छ । त्यसैले, नेपालभित्र प्रयोग गरिने यातायातका साधनहरुमा पनि हाम्रो नैसर्गिक अधिकार क्षेत्रभित्र पर्ने संवैधानिक मान्यता प्राप्त नेपाली भाषाको लिपि, वर्णाक्षर र अंकहरु अङ्कित नम्बर प्लेट राखिँदै आएको छ । तापनि सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६० (१) मा सवारी साधन दर्ताको प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकार प्राप्त अधिकारीले ६ महिनासम्म कैद वा पाँच हजारदेखि पन्ध्रहजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी जफत गर्नपर्दछ । किनकि, सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६० (१) को भाग २ मा इम्बोष्ड नम्बर प्लेटको द्रष्टव्यमा इम्बोष्ड सवारी नम्बर प्लेटमा अक्षर र अंक अंग्रेजीमा हुनुपर्नेछ भनी उल्लेख छ । जुन नेपालको मूल कानुन 'नेपालको संविधान' सँग बाझिएको छ । किनकि, नेपालको संविधानमा देवनागरी लिपि नै नेपालको सरकारी कामकाजको भाषाको रूपमा लिइएकोले ऐनमा अंग्रेजी भाषा उल्लेख गरिनु हुन्नथ्यो ।

यस्ता नितान्तः राष्ट्रियतासँग जोडिएका विषयहरुको निर्णय गर्दा व्यापक छलफल तथा मन्थन हुन जरुरी थियो तर, त्यो नभई वा नेपालको संविधानलाई अध्ययन नै नगरी हचुवाको भरमा यो ऐन बनेको देखिन्छ । यसबाट यो ऐन बनाउने व्यक्तिहरुलाई नै कारबाहीको दायरामा ल्याउन पर्ने देखिन्छ । यसै सिलसिलामा यातायात व्यवस्था विभागका महानिर्देशकले पनि ऐन तयारीको बेलामा पर्याप्त छलफल तथा गृहकार्य नगरी आँखा चिम्म गरेर स्वीकार गर्ने परिपाटिले कार्यान्वयनमा समस्या आएको भनेर ऐन निर्माण कर्ताहरु तिर नै औंठा ठड्याएका छन् ।

इम्बोष्ड नम्बर प्लेट आधुनिक प्रविधिको प्रयोगमार्फत एक माइक्रोचिप्स जडित सवारी साधन नियमन गर्ने एक प्रणाली हो । यो प्लेटको प्रयोगबाट सवारी साधनको तथ्यांक डिजिटल प्रणालीबाट राख्न सकिन्छ र तथ्यांक अद्यावधिक गर्ने समय तथा खर्च पनि कम लाग्दछ । यो रेडियो फ्रिक्वेन्सी आईडेन्टिफिकेशन प्रणालीमा राखिने हुँदा गाडी धनी, निर्माता कम्पनी, गाडिको मोडेल, चेसिस नम्बर, ईन्जिन नम्बर, कहिले दर्ता भएको, कर तिरे नतिरेको, नवीकरण गरे नगरेको, कुन रुटमा चल्ने र चलिरहेछ जस्ता विवरण सजिलै हेर्न सकिन्छ । यसको अलावा गाडीको बारेमा गाडी दुर्घटना वा चोरी भएमा पनि सजिलै पहिचान गर्न सकिने हुन्छ । यसमा सबैको नम्बर प्लेट एकनासको हुने र जडानपछि अरुले नक्कल, जालसाजी तथा प्लेट अदलबदल गर्न नमिल्ने किसिमले बनाइएको हुन्छ । आजको वैज्ञानिक युगमा यो अपरिहार्य पनि छ । तर यहाँ इम्बोष्ड नम्बर प्लेटभन्दा पनि भाषागत त्रुटि र यसको महंगो जडान कार्यसँग सम्बन्धित छ । किनकि, नेपाली भाषा अभावका कारण सामान्य नेपालीहरुको संवैधानिक गोपनियताको हकको हनन् हुने, कुनै घटना जस्तै चोरी, डकैति, करणी जस्ता कार्यमा प्रयोग भएका गाडीको नम्बर सर्वसाधारण जनताले पहिचान गर्न नसक्ने हुँदा शान्तिसुरक्षा खलल, व्यक्तिगत सुरक्षा समाप्ति, अवैधधन्दा फस्टाउने जस्ता खतराहरु पनि त्यत्तिकै छ ।

त्यसैले, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागले पनि नेपालकै संविधानसँग बाझिएको ऐनको बारेमा विचार विमर्स गरी कार्यान्वयन गर्नुपर्नेमा सो नै नगरी २०७३ जेष्ठ १९ गतेका दिन एक विदेशी कम्पनी 'डेकुटा टाईगर कम्पनी'सँग ४ करोड ३७ लाख ८७ हजार पाँचसय डलरमा गैरकानुनी एवम् असंवैधानिक सम्झौता गरी एकलौटिरूपमा नेपालमा सञ्चालनमा रहेका यातायातका साधनहरुमा नेपाली भाषाको सट्टा अंग्रेजी भाषामा तयार गरिएको "इम्बोष्ड नम्बर प्लेट (संख्या पाटी)"




जडान गर्न बाद्यात्मक स्थिति सिर्जना गरी गैर कानुनी तथा असंवैधानिक कदम चालेको देखिन्छ । यसरी सम्बन्धित निकायको गलत नियतिका कारण नेपालीमा बनाइनुपर्ने प्लेटलाई अंग्रेजीमा बनाउन विश्व बैंकले समेत कालो सूचीमा राखेको विदेशी कम्पनीलाई यसको जिम्मेवारी दिने कार्य निन्दनीय छ ।

